# (A)

**आमाको वंशजको नागरिकता भई व्यक्तिगत घटना दर्ता प्रमाण-पत्र, शैक्षिक योग्यताका प्रमाण पत्र आदीमा लगायतका कागजातहरुमा वुवाको नाम उल्लेख भएका र निम्न अवस्था रहेकाहरुको हकमा**

- **बाबु को हो भनी पहिचान नै नभएको**
- **वुवा को को हो भनी पहिचान हुन नै नसकेको**

| सि.नं | आवश्यक कागजात | अवस्था |
|---|---|---|
| १ | मुखाकृति एवं दुवै कान देखिने गरी हालसालै खिचिएको पासपोर्ट साईजको फोटो सहित सम्वन्धित वडा अध्यक्षबाट प्रमाणित भई वडा कार्यालयबाट सिफारिस गरिएको अनुसूची-१ फाराम (प्रत्यक पानामा वडा कार्यालयको छाप) | |
| २ | जन्मदर्ता प्रमाण पत्र (VERSP-MIS) | |
| ३ | विद्यार्थीको हकमा शैक्षिक प्रमाणपत्र (विदेशी मुलुकको सर्टिफिकेट भए समकक्षता निर्धारण) | |
| ४ | आमाको वंशजको नेपाली नागरिकता (CCIMS Print समेत) | |
| ५ | आमाको राष्ट्रिय परिचय पत्र | |
| ६ | मतदाता परिचयपत्र | |
| ७ | आमाको मृत्यु भएको भए मृत्युदर्ता प्रमाणपत्र (VERSP-MIS) | |
| ८ | आमा सहित एकासगोलका परिवारका सवै सदस्यहरुको पारिवारिक विवरण समेत खुल्ने गरी फोटो सहित गरिएको नाता प्रमाणित | |
| ९ | एकाघरका परिवारविचको सगोल सहितको पारिवारिक विवरण प्रमाणित | |
| १० | वसाई सराई गरेको भए बसाई-सराइ दर्ता प्रमाण पत्र, (VERSP-MIS) | |
| ११ | नेपालमा स्थायी बसोवास गर्दै आएको भनी सम्वन्धित स्थानीय तहबाट तिथि मिति समेत खुलाई गरिदिएको स्थायी वसोवासको प्रमाण, <u>नेपाल नागरिकता ऐन, दफा ५ को ३(ख)</u> | |
| १२ | निवेदकको जन्म नेपालमा भई नेपालमा नै वसोवास गर्ने आएको, बाबुको पहिचान नभएको/हुन नसकेको व्यहोरा स्पष्ट रुपमा खुल्ने गरी नागरिकता दिन उपयुक्त रहेको भन्ने व्यहोरा समेत खुलाईएको सम्बन्धित स्थानीय तहले गरिदिएको किटानी सिफारिस पत्र (यदि व्यक्तिगत घटना दर्ता प्रमाण-पत्र, शैक्षिक योग्यताका प्रमाण-पत्र लगायतका कागजातहरुमा वुवाको नाम उल्लेख भएको तर वुवाको पहिचान नभएको वा हुन नसकेको भएमा सो व्यहोरा समेत स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने हुन्छ) | |
| १३ | निवेदकको आमाको होस ठेगान नरहेको भए स्वीकृत चिकित्सकले व्यहोरा समेत खुल्ने गरी सो विषयमा गरेको सिफारिस, | |
| १४ | व्यक्तिगत घटना दर्ता प्रमाण-पत्र, शैक्षिक योग्यताका प्रमाण-पत्र लगायतका कागजातहरुमा वुवाको नाम उल्लेख भएको तर वुवाको पहिचान नभएको वा हुन नसकेको व्यहोरा समेत स्पष्ट रुपमा उल्लेख हुने गरी गरिएको वडा सर्जमिन मुचुल्का | |
| १५ | अनुसूची-४ क बमोजिमको स्वघोषणा<br>(निवेदक र आमाको अलग-अलग अनुसूची हुनु पर्ने) | |
| १६ | क. जग्गाको प्रमाणपुर्जा,घर निर्माण सम्पन्न प्रमाणपत्र,घर नक्सा प्रमाणपत्र(सो नभए भूमिहिनको निस्सा)<br>ख. सम्पत्तिकर तिरेको प्रमाण (सक्कल प्रति)<br>ग. विद्युतको विल<br>घ. खानेपानीको विल | |
| १७ | विद्युत, खानेपानी आदिको विल, घरधनी प्रमाणपुर्जा आदि लगायतका कागजातहरु, | |
| १८ | आवश्यकता अनुसार अनुसूची-४ बमोजिम सर्जमिन मुचुल्का स्थलगत रुपमा प्रहरी सर्जमिन मुचुल्का समेत गरिने हुँदा सो व्यहोरालाई पुष्टी गर्ने प्रकृतिका अन्य कागजातहरु । | |